# धादिङ–यू.एम.एन.

# वार्षिक प्रतिवेदन २०७३/७४



सन् २००५ देखि यूनाईटेड मिसन टु नेपालले धादिङ जिल्लामा क्लष्टर कार्यालय स्थापना गरी निरन्तर सामुदायिक विकासको परियोजनाहरू सञ्चालन गर्दै आइरहेको छ। आ.व. २०७३/७४ मा ९ वटा साझेदार संस्थाहरू मार्फत १० वटा परियोजनाहरू साविकको २३ गा.वि.स.हरू र निलकण्ठ नगरपालिकामा सञ्चालन गर्न सफल भएको छ। सुशासन, शिक्षा, स्वास्थ्य, शान्ति प्रवर्द्धन, दिगो जीविकोपार्जन र सर्वाङ्गीण विकासको क्षेत्रमा सञ्चालित कार्यक्रमहरू अन्तर्गत ९ संस्थाहरू, १३३ सामुदायिक समूहहरू, ५ सहकारीहरू, ५ सञ्जालहरू, ३१ सामुदायिक विद्यालयहरू, ४१ बालक्लबहरू, ९ स्वास्थ्य संस्थाहरू र समुदायको सहभागीमूलक संस्थागत क्षमता विकास, सबलीकरण र विभिन्न समुदाय केन्द्रित कार्यक्रमहरू सञ्चालन गरेर समुदाय रूपान्तरण गर्ने अवधारणा अनुरूप कार्यक्रमहरू सम्पन्न भएका छन्।

जिल्लाकै प्राथमिकतामा रहेको पुनर्निर्माण कार्यलाई सहायता पुऱ्याउन धादिङ विपद् व्यवस्थापन कार्यक्रम पिडा, महादेवस्थान, री, झार्लाङ र लापामा ३ वटा साझेदार संस्थाहरू मार्फत सञ्चालन भईरहेका छन्।

जिल्ला परियोजना सल्लाहकार समितिको बैठक र अनुगमनबाट प्राप्त महत्वपूर्ण पृष्ठपोषण, सल्लाह तथा सुझाव हाम्रा लागि मार्गदर्शक बनेका छन्। सहयोग र सहकार्यका लागि सबै राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरू, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, विषयगत सरकारी कार्यालयहरू र सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु।

*सबु तमाङ (पौडेल)*
*क्लष्टर टिम लिडर*



यूनाईटेड मिसन टु नेपाल
UMN

*रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन*

# विषयगत क्षेत्रका उपलब्धिहरू

## शिक्षा

- १८ वटा विद्यालयका २० जना शिक्षक सहित हाल सम्म ३४ वटा विद्यालयका १३४ जना शिक्षक शिक्षिकाहरूले बालकेन्द्रित सिकाइ प्रक्रिया सम्बन्धी ९ दिने तालिम लिएका छन् । तालिम पश्चात् शिक्षण सिकाइ प्रक्रियामा सुधार र शिक्षकको अध्यापन गर्ने शैलीमा परिवर्तन भएको छ । २७ वटा विद्यालयहरूमा गरिएको शैक्षिक सामग्री सहयोगले विद्यार्थीहरूलाई रमाएर पढ्ने वातावरणको सृजना भएको छ ।
- ४१ वटा बालक्लबहरूले प्रत्येक वर्ष स्वमूल्याङ्कन गर्ने र वार्षिक कार्ययोजनाको विकास गरी नियमित कार्य सञ्चालन गर्ने गरेका छन् । यसरी योजना अनुसारको कार्य तथा अर्धवार्षिक समीक्षाले गर्दा बालबालिकाको क्षमता अभिवृद्धि भएको छ ।
- ३७ वटा समूहले सामूहिक खेतीको योजना बनाई प्रस्तावहरू मार्फत बिउ माग गरी सामूहिक खेतीको लागि अनुदान सहयोग प्राप्त गरेको थियो । सामूहिक खेतीबाट प्रति समूह १० हजार देखि २५ हजार सम्म आम्दानी गर्न सफल भएका छन् ।
- दुई गा.वि.स.का प्रत्येक वडाहरूमा दिइएको सहकारी शिक्षा पश्चात् पिडामा रहेको नवजीवन सहकारी संस्था मा ११३ जनाबाट सेयर सदस्यहरू वृद्धि भई १,०२१ जना सेयर सदस्य भई वार्षिक कारोवार करिव ३ करोड रहेको छ । त्यस्तै महादेवस्थान गा.वि.स.को दियालो सहकारी संस्थामा ९८६ सेयर सदस्य रहेका छन् र वार्षिक कारोवार करिब ४ करोड भन्दा माथि रहेको छ ।



## स्वास्थ्य

- ८ जना स्वास्थ्यकर्मीहरूले ५ दिने आधारभूत मानसिक स्वास्थ्य तालिम, २ जना स्वास्थ्यकर्मीहरूले परिवार नियोजन सम्बन्धी ८ दिने इम्प्लान्ट तालिम र १ जना स्वास्थ्यकर्मीले २ महिने दक्ष प्रसुति सम्बन्धी तालिम लिई मानसिक स्वास्थ्य सेवा, परिवार नियोजन सेवा र प्रसुति सेवा सुचारू रूपले सञ्चालनमा ल्याएका छन् ।
- ६ वटा स्वास्थ्य संस्थामा भएको इम्प्लान्ट र कपर टी सम्बन्धी क्याम्पबाट ११६ जना महिलाहरूले सेवा लिएका छन् । ३०६ जनाले मानसिक स्वास्थ्य उपचार सेवा र २८९ जना बिरामीहरूले मानसिक स्वास्थ्य सम्बन्धी परामर्श सेवा लिएका छन् र उनीहरूको स्वास्थ्यमा सुधार आएको छ ।



- ३२ जना किशोरकिशोरीहरू मार्फत ५ वटा विद्यालयका ५६२ जना किशोरकिशोरीहरूले परिवार नियोजन, प्रजनन् स्वास्थ्य, प्रजनन् अधिकार, एच.आई.भि एड्स, लिङ्ग र लैङ्गिकता बारे सुसूचित भएका छन् ।
- ५५२ जना महिलाहरूले महिनावारीको समयमा प्रयोग गर्ने सुधारिएको धुन मिल्ने प्याड बनाउने तालिम लिई प्रयोगमा ल्याएका छन् ।

## दिगो जीविकोपार्जन

- दुई जना किसानहरूले ३५ दिने पशु स्वास्थ्य कार्यकर्ता तालिम प्राप्त गरी आ-आफ्नो क्षेत्रमा सेवा प्रदान गर्दै आएका छन् ।
- अर्गानिक अवधारणा अनुसार २८ जना कृषकहरूले १६ हप्ते एकीकृत शत्रु जीव व्यवस्थापन तालिम प्राप्त गरे पश्चात रासायनिक मल प्रयोगमा कमी आएको र जैविक मल तयारी र प्रयोगमा वृद्धि भएको छ ।
- ज्याम्रूङ, ढोडेनी, कुमाई, हनुमान डाँडा, भदैरे र थुम्की, सेरावेशी गाउँका समूह सदस्यहरूले मौसमी तथा बेमौसमी तरकारी खेती सम्बन्धी तालिम प्राप्त गरी ३३ घरधुरी किसानहरूले तरकारी खेती गरिरहेका छन् । तसर्पुका २७ जना महिलाहरू सामूहिक खेतीमा संलग्न भई च्याउ र अदुवा खेती सुरू गरेका छन् ।
- तसर्पुका ७५ जना महिला किसानहरू ३ वटा सामुदायिक सशक्तिकरण सिकाइ केन्द्रहरूमा सहभागी भई कृषि सम्बन्धी विभिन्न जानकारी, स्वास्थ्य सरसफाइ बारे सचेतना, महिला हक अधिकार, पोषण, स्थानीय सेवा प्रदायक निकायबाट पाउनुपर्ने सेवासुविधा बारे ज्ञान हासिल गरेका छन् ।

## शान्ति प्रवर्द्धन

- ९ वटा साझेदार संस्थाहरूले "हानी नगरौं" कार्याशालामा सहभागी भई आ-आफ्नो संस्थाको द्वन्द्व संवेदनशीलता नीति बनाएका छन् । परियोजनाका क्रियाकलापहरूको संयोजन र विभाजन विश्लेषण गर्न सक्ने भएका छन् ।
- ३ जना अपाङ्गता भएका बालबालिकाहरू उपचारपछि सामान्य अवस्थामा फर्किएका छन् र निरन्तर विद्यालय जान सकेका छन् ।
- ११ जना अपाङ्गता भएका र १९ जना एच.आई.भी. सङ्क्रमित र प्रभावित बालबालिकाहरूलाई शैक्षिक सामग्री सहयोग गरिएको छ र बालबालिकाहरूको पठनपाठनमा सहजता आएको छ । उनीहरू मध्ये २ जनाले यस वर्ष एस.इ.इ. उत्तीर्ण गरेका छन् ।

- पुनर्स्थापित बालबालिकाका दुई जना अभिभावकहरूलाई बाख्रापालनका लागि बिउ पूँजी रू १०,०००।- प्रति परिवार सहयोग पश्चात् रू. ८,५००।- देखि रू.१३,०००।- सम्म आम्दानी गर्न सफल भएका छन् ।

## सर्वाङ्गीण विकास

- १० वटा समूहका २० जना सहजकर्ताहरूले आ-आफ्नो समूहमा सहजीकरण सम्पन्न गरेका छन् । समूहका सदस्यहरू मासिक बैठक बसी समुदायका समस्या र समाधान बारे छलफल गर्दै टोल सरसर्फाइ, विद्यालय क्षेत्र सरसर्फाइ, त्रिशुली बचाउ अभियान आदिमा सहयोग गरेका छन् ।
- मानेभञ्ज्याङ, पिडा र सादोबाटो मैदीका २८ जना बालबालिकाहरूले शैक्षिक सामग्रीहरू सहयोग प्राप्त गरी आफ्नो अध्ययनलाई निरन्तरता दिइरहेका छन् र उनीहरूको पठनपाठनमा सहजता आएको छ ।
- पिपलटारका एकल महिलालाई मैदीको समूहका सदस्यहरूले रू.११,५००।- बराबरको जस्तापाता सहयोग गरी घर निर्माण हुँदा उनका ४ सदस्यीय परिवारलाई बसोबास गर्न सहज भएको छ ।
- नलाङको समूहका सदस्यहरू मिलेर १ जना दृष्टिविहीनलाई उपचारका लागि रू ६,०००।- आर्थिक सहयोग गरेका छन् र उपचार पश्चात् उनको स्वास्थ्य अवस्थामा सुधार आएको छ ।

## सुशासन

- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाई कमी कमजोरीहरूलाई समयमा सच्याउने उद्देश्यले आन्तरिक लेखा परिक्षण निर्देशिका निर्माण भई आन्तरिक लेखा परिक्षण समितिको भूमिकामा क्रियाशीलता बढेको छ ।
- सबै साझेदार संस्थाहरूको परियोजना अनुगमन समितिद्वारा वार्षिक अनुगमन गर्ने र परियोजनाको प्रगति समीक्षा भएको छ ।
- साझेदार संस्थाहरूमा कर्मचारीहरूको वार्षिक कार्य सम्पादन मूल्याङ्कनलाई संस्थाको नियमित कार्यको रूपमा अगाडि बढाएका छन् ।
- सिर्डस धादिङले सञ्चालन गर्दै आएको सिकाइ केन्द्र मार्फत ३१ जनालाई आधारभूत ब्युटीपार्लर, २९ जनालाई कम्प्युटर, २१ जनालाई सिकर्मी डकर्मी र ४० जनालाई स्टील फिटिङ तालिम बाट जम्मा १४५ जना लाभान्वित भएका छन् । तालिम पश्चात् ६७ जना रोजगारमा आबद्ध भई आम्दानी गरेका छन् ।

## एउटै तालिमले सुरक्षित प्रसुति गराउन सहयोग

मेरो नाम कोपिला लामिछाने हो । म २३ वर्षकी भएँ । पेशाले स्वास्थ्यकर्मी हुँ । म विगत ३ वर्षदेखि धादिङ जिल्लाको मूलपानी स्वास्थ्य चौकीमा अनमीको रूपमा काम गर्दै आएकी छु ।



मेरो सपना नर्स बन्ने अनि जनताको सेवा गर्ने थियो । एस.एल.सी. पास गरेपछि आफ्नो सपना पूरा गर्न बाग्लुङको स्वास्थ्य अध्यापन गराउने एक संस्थामा अनमी पढें । अध्ययन पश्चात् मूलपानी स्वास्थ्य चौकीमा काम सुरू गर्ने अवसर पाएँ ।

मेरो मुख्य काम गर्भवती महिलाहरूलाई परामर्श दिने र उनीहरूको सुरक्षित प्रसुति गराउने हो । पेशामा खुशी हुँदाहुँदै पनि म भित्र एक किसिमको असन्तुष्टि रहिरहेको थियो । आपत्कालिन अवस्थामा सुरक्षित सुत्केरी गराउनु पर्‍यो भने कसरी गर्ने ? डर थियो । गाउँमा बाटोघाटोको अवस्था राम्रो छैन र तत्काल सदरमुकाम लैजान पनि अप्ठ्यारो छ । वर्षायाममा त झन् बढी समस्या । त्यसमाथि पनि मैले प्रसुति गराउनका लागि कुनै तालिम लिएको छैन । पढे अनुसारको ज्ञानको आधारमा प्रसुति गराउँदै आएको थिएँ । यदि गम्भीर प्रकृतिको प्रसुति गराउनु पर्ने भयो भने के गर्ने र कसरी गर्ने होला भनेर डर लागेर आउँथ्यो ।

जिल्ला जनस्वास्थ्य कार्यालय धादिङबाट बेला बेलामा दक्ष प्रसुति कर्मी तालिम (Skill Birth Attendant - SBA Training) प्रदान भइरहन्थ्यो । मैले अवसर पाएको थिइन । कुनै समय अवसर पाउँछु होला भन्ने प्रतीक्षा गरिरहेको थिएँ । कोसोक नेपाल र यू.एम.एन. धादिङले सञ्चालन गरेको सामुदायिक स्वास्थ्य कार्यक्रम अन्तर्गत दक्ष प्रसुति कर्मी तालिमको लागि जनस्वास्थ्य कार्यालयबाट मेरो नाम छनोट भएछ । त्यसपछि मैले दुई महिनासम्म दक्ष प्रसूतिकर्मी तालिम लिएँ । तालिम पश्चात् जस्तोसुकै अवस्थामा पनि आपत्कालिन रूपमा प्रसुति गराउन सक्छु भन्ने हिम्मत बढेर आयो । स्वास्थ्य चौकीमा फर्किएँ । मूलपानी स्वास्थ्य चौकीमा उल्टो गरी बसेको बच्चा भएको प्रसुति गराउनु पर्ने अवस्था आयो । तालिमको ज्ञान र सिपले सुरक्षित पुसूति गराएँ । जटिल केस सफल भयो । आमा र बच्चाको ज्यान जोगाउन सकिएकोमा खुसी छु । कहिलेकाहीँ आमा र बच्चा दुवैलाई भेट्छु, औधी खुसी लाग्छ । उनीहरूलाई भेटेको दिन मेरो अनुहार नै उज्यालो हुन्छ ।

*शान्ति तामाङ*
*कार्यक्रम संयोजक, कोसोक नेपाल*

# साझेदार संस्थाहरुको नाम तथा लक्षित समुदाय विवरण

| नाम | साझेदारी मिति | लक्षित कार्यक्षेत्रहरू | लाभान्वित संख्या (जना) | विषयगत क्षेत्र |
|---|---|---|---|---|
| चन्द्रज्योती एकिकृत ग्रामीण विकास समाज धादिङ | २९ अक्टोबर २००६ | मार्पाक, सल्यानकोट र आगिञ्चोक | ६६६ | स्वास्थ्य |
| जगतज्योती सामुदायिक विकास समाज मैदी | ३१ अक्टोबर २००६ | मैदी, मुरलीभञ्ज्याङ र त्रिपुरेश्वर | ४९४ | स्वास्थ्य |
| नारी जागरण केन्द्र | ३१ अक्टोबर २००६ | ज्यामरूङ निलकण्ठ, कुम्पुर, मार्पाक, री र झार्लाङ | २१३ | अपाङ्गता र दिगो जीविकोपार्जन |
| परिवर्तनको लागि प्रतिवद्ध समाज नेपाल | २४ अक्टोबर २००६ | वसेरी, मूलपानी र फुलखर्क | ७१९ | स्वास्थ्य |
| प्रयत्नशील सामुदायिक विकास समाज (प्रयास) नेपाल | १५ डिसेम्बर, २००७ | पिडा र महादेवस्थान | ४१५१ | शिक्षा र विपद् व्यवस्थापन कार्यक्रम |
| धादिङ इसाई समाज | १ फेब्रुअरी २०१६ | केवलपुर, पिडा, गजुरी, बेनिघाट, मैदी, चैनपुर, सल्यानटार र निलकाण्ठ | २७८ | सवाङ्गिण विकास |
| नमस्ते ग्रामीण विकास समाज, लापा | ९ डिसेम्वर २००७ | लापा | १०१३ | विपद् व्यवस्थापन कार्यक्रम |
| साना किसान कृषि सहकारी जिल्ला संघ, धादिङ | २७ डिसेम्वर २००७ | तसर्पु, नौबिसे, बैरेनी र निलकण्ठ | ७०५ | दिगो जीविकोपार्जन |
| हिमालय सामुदायिक मुक्ति समाज नेपाल | १८ डिसेम्वर २००७ | री र झार्लाङ | २२४४ | विपद् व्यवस्थापन कार्यक्रम |

| विषयगत क्षेत्रहरू | जम्मा बजेट | जम्मा खर्च |
|---|---|---|
| सुशासन | २९,६७,४९७ | २१,३६,२१५ |
| शिक्षा | १,१७,३३,९६४ | १,१६,६७,४११ |
| स्वास्थ्य | ७२,६४,८५५ | ६६,३३,२६५ |
| दिगो जीविकोपार्जन | ५४,३७,७१६ | ५३,७०,४७४ |
| शान्ति प्रवर्द्धन | १४,६१,४७६ | १२,६६,२८० |
| सर्वाङ्गीण विकास | ३४,७३,४१४ | ३३,९७,९६० |
| कोर क्लष्टर | २९,५६,१८१ | २६,४६,७०८ |
| **जम्मा** | ३,५२,९५,१०३ | ३,३१,१८,३१३ |



## कर्मचारी नामावली

| | |
|---|---|
| कल्पना भट्टराई | वरिष्ठ कार्यक्रम अधिकृत - स्वास्थ्य |
| कृष्णा कुमारी मल्ल | वरिष्ठ कार्यक्रम अधिकृत - असल शासन |
| जीवन राई | कार्यक्रम अधिकृत - सर्वाङगीण विकास |
| दुर्गा प्रसाद आचार्य | प्रशासन तथा वित्त अधिकृत |
| नवराज जोशी | वरिष्ठ कार्यक्रम अधिकृत - शिक्षा |
| राजकुमार श्रेष्ठ | कार्यालय सहायक |
| सबु तमाङ्ग (पौडेल) | क्लष्टर टिम लिडर |
| शैलेस भट्टराई | कार्यक्रम अधिकृत - दिगो जीविकोपार्जन |


यूनाईटेड मिसन टु नेपाल
गणेशमार्ग, पुछार बजार
निलकण्ठ-३, धादिङबेशी, धादिङ
फोन नं.: १०-५२०९१३
इमेल: dhading@umn.org.np
वेभसाईट: www.umn.org.np